# भक्तमाला



भानुभक्त आचार्य

# भक्तमाला

(काव्य)

भानुभक्त आचार्य

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : साझा प्रकाशन
*संस्करण* : चौथो २०६८
*ISBN* : 978-9937-32-044-3

---

**About this ebook edition**

*Originally created as epub*
*Created* : 2025-08-30, 21:17:40 UTC
*Latest minor Correction* : 2025-09-15, 04:25:45 UTC
*Sahityaras ebook id* : 20250830211740

**Cover art**

*Women Worshipping a Shiva Linga: Devagandhari Ragini of Hindol, from a Chamba Ragamala*
Unknown author, c. 1700

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

भक्तमाला

# भक्तमाला

प्रतिज्ञा मैले यो यमसित गऱ्याँ जन्मि अब ता ।
सिताराम् भज्न्या छू विषयहरूमा छाडि ममता ॥
प्रतिज्ञा सो बिर्सीकन जन धनै खोजि डुलियो ।
सिताराम् भज्न्या हो शिव शिव उसै आज भुलियो ॥१॥

सिताराम् भज्न्या छू भनिकन प्रतिज्ञा अघि गरी ।
गयाको होस् आइस् कति दिन भजिस् भन् अघि सरी ॥
यसो भन्नन् ख्वामित् मकन यमराज् तेस् बखतमा ।
कसो भन्नू मैले भुलिकन रह्याँ एस् बखतमा ॥२॥

गयो बालक्काल्को वय पनि उसै बालरसले ।
यसै रित्ले यौवन् पनि बितिगयो मोहवशले ॥
भयो वृद्धावस्था अझ पनि भजींदैन मनले ।
कसो गर्नन् ख्वामित् मकन यमका दूतहरूले ॥३॥

घडी दिन् पक्षै मास् ऋतु अयन यै काल गतिले ।
घट्यो आयू मेरो विषय अझ खोज्दै छ मतिले ॥
कृपानाथ् हे स्वामी अब कसरि संसार तरुँला ।
कृपा राख्या जावस् नतर त अनाथ् बीच परुँला ॥४॥

बडो दुर्लभ् जानोस् भरत भुमिको जन्म जनले ।
सहज् मिल्छन् ठाकुर् हरि भजि लिया शुद्ध मनले ॥
बखत् यस्तो जानी हरिचरणमा मन् पनि धरोस् ।
निरन्तर् श्रद्धाले हरि खुशि हुन्या दान् पनि गरोस् ॥५॥

जगत्मा पृथ्वीका अधिपति बडा दौलथि थिया ।
मरण्का वेलामा बुझिलिनु ति क्या लीकन गया ॥
निरन्तर यै सम्झी हरि भजि रहोस् शुद्ध मनले ।
परन्तू हक् मर्न्यै छ त बटुलि क्या गर्नु धनले ॥६॥

कडोरन्का मालिक् अघि पनि बडा वीर्हरु भया ।
तिमध्ये जो जो हुन् हरि भजिलिन्या पार् पनि गया ॥
मरण्का वेलामा हरिबिनु त क्या भर् छ अरुको ।
शरण् लेला सो नाथ् अधिपति अजामीलहरुको ॥७॥

जगत्मा सब् ढुँड्दै सबकन विचार्‍या जन पनि ।
बडा हूँ भन्याका घरघर रह्याको धन धनै ॥
रह्या छन् कालैका वश परिरह्याका जन पनि ।
बुझ्याँ मैले सब्को रिपुसरि भयाको पनि मनै ॥८॥

मनुष्यै योनीमा यदि हरि भज्यो ता जन तर्‍यो ।
अवश्यै फन्दामा हरिकन न भज्न्या पछि पर्‍यो ॥
जगत्मा यो चाला बुझिकन विचार् गर्नु जनले ।
निरन्तर् ठाकर् को चरणकमलै धर्नु मनले ॥९॥

भजौँला भन्दैमा कति कति बित्यो जन्म जनको।
मरौँला भन्नाको अभ्न पनि विचार् छैन मनको ॥
अहो दैवी माया बडि बलवती जानि मनले।
विचार् गर्दै गर्दै हरि भजिलिनू भक्त जनले ॥१०॥

दया पाऊँ स्वामित् विनति छ हजुर्का चरणमा।
नलागुन् पाशा फेर् मकन यमराज्का मरणमा ॥
दयाले पो छुट्छन् सकल जनका दुःखहरु ती।
उपायै क्यै छनन् कहिँ पनि दया देखि अरु ता ॥११॥

भरोसा स्वामित्को गरिकन रहन्छू दिनदिनै।
सहन्छू सब् आपत् जति जति त पर्छन् छिनछिनै ॥
पऱ्याका पर्न्यै छन् मकन करुणा दूर् हुन गया।
सहज् मा टर्न्यै छन् मकन करुणा पो यदि भया ॥१२॥

मुरारे स्वामित्का चरणतलमा मन् न धरि ता।
बडो दुर्लभ् देख्याँ सकल जनको मुक्ति गति ता ॥
विचार् गर्छू क्यारूँ मन पनि बलैले हरि लिया।
दशेन्द्री डाँकूले बिच बिच पसी दुःख् पनि दिया ॥१३॥

न कैल्हे भक्तीले गुरुचरणको ध्यान गरियो।
न ठाकुर्को पूजा गरि तुलसिको पत्र धरियो ॥
दया भो स्वामित्को भनिकन भन्या पार तरियो।
अवश्यै साँचो हो नतर यमका पास परियो ॥१४॥

पुकारा गर्दो छू घडि घडि रुँदो छू चरणमा।

दया छे स्वामित्की म त हर घडी छू चरणमा ॥
विचार् गर्थ्यो क्यारोस् भनिकन दया हुन्छ त पनि।
झलक् पाइ भुल्न्या होस् भनिकन रिसै हुन्छ त पनि ॥१५॥

जगत् कोइ जान्दैनन् भनु त सबका बात् पनि भन्या।
पलक् भर् ती योगी अघि सरि बडो ज्ञान कहन्या ॥
उनै काम् गर्छन् ता यमपुरि महाँ चोट मिलन्या।
अहो यो क्या ले हो बुझिबुझि सबै लोक भुलन्या ॥१६॥

भज्न राम्को ठूलो बुझिकन भजन् गर्नु जनले।
नभुल्नू कैल्हे यस् विषय सुखमा लागि धनले ॥
अविश्वासी चोला कति रहन जाला बितिगया।
पछीतो खुप् होला जपतप विवेक् केही नभया ॥१७॥

टहल् ठाकुर्जीको अलिकति यहाँ केहि नगरी।
गभीर् संसार् सागर् सहजसित पार् पुग्नु कसरी ॥
टहल् ठाकुर्जीको गरि लिन सक्यादेखि तरियो।
विपत्का खानीमा नतर सहजै फेरि परियो ॥१८॥

अनाथ्को नाथ मै हूँ भनिकन हँसीलो मुख गरी।
हरूँ यस्का पाप् ताप् भनिकन अगाडी पनि सरी ॥
कृपादृष्टी नाथ्ले यदि दिनु भया तर्छु अहिले।
कृपादृष्टी वाहेक् तप गरि त पार् तर्छु कहिले ॥१९॥

अवीवेकी मूढो त्रभुवनविषे को छ म सरी।
बिताऊँ व्यर्थै यस् विषयरसमा जन्म यसरी ॥

कउन् ठूलो चिज् हो विषयरस यस् पाजि रसमा।
दिऔँ मैले यो मन् बुझिबुझि पर्‍याँ मोहवशमा ॥२०॥

जगत्मा खुप् धाऔँ न त सुफल पाऔँ कहिं रती।
तपस्याको हानी हुनकन गयाको कहुँ कती ॥
तपस्या गर्न्या काल् अघि बिति गयो क्यारुँ अहिले।
यसै योनीमा पार् सहज न तर्‍या तर्नु कहिले ॥२१॥

कटीको पीताम्बर् करकमलका कंकणहरू।
किरीट् कुण्डल् कौस्तुभ् तुलसि वनमालाहरु अरू ॥
बलैले सम्झन्छू दृढ नरहन्या एक् क्षण पलक्।
कउन् दिन्मा देख्छू प्रभु हजुरको सुन्दर झलक् ॥२२॥